माछापुच्छ्रे गाउँपालिका
Machhapuchchhre Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पत्र संख्या:- २०७८/७९
Letter No:-
चलानी नं.:-
Dispatch No.:-

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


सेवा करारमा सहजकर्ता पदपुर्ति गर्ने सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मितिः २०७९/०२/१७

प्रस्तुत विषयमा किसान सुचिकरण कार्यक्रम कार्यावन्य कार्यविधि-२०७७ को परिच्छेद ७ को दफा १९ को उपदफा-२ बमोजिम चालु आर्थिक बर्ष २०७८/७९ को स्वीकृत किसान सुचिकरण तथा कृषक दर्ता व्यवस्थापन कार्यक्रम यस माछापुच्छ्रे गाँउपालिकाको वडा नं ६, ८ र ९ मा संचालन गर्नको लागि सहजकर्ता सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले तपशिल बमोजिममा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट, यो सुचना प्रकाशित मितिले ७ दिन ( २०७९/०२/२३ गते) कार्यलय समय भित्र भित्र आवश्यक कागजात सहित दरखास्त आव्हान गरिएको छ ।

तपशिल

| क स | विज्ञापन नं | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ११/०७८-७९ | किसान सूचीकरण सहजकर्ता | ९ जना (प्रति वडा ३ जना ) | स्थानीय तथा सम्बन्धित वडाका बासिन्दालाई प्राथमिकता |
| | | जम्मा | ९ जना | |

आवश्यक योग्यताहरुः

१. कक्षा १२ सरह उतिर्ण गरेको तथा कृषि वा भेटेनरी विषय लिई कम्तिमा जे टि ए /जे टी उतिर्ण गरेकोलाई प्राथमिकता ।

२. कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको र नेपाली टाईप गर्न सक्ने ।

३. एन्ड्रोएड/ स्मार्ट फोन /टयाब्लेट वा ल्याप्टप साथमा भएको र चलाउन जान्ने हुनुपर्ने ।

४. दरखास्त दिने अन्तिम दिन सम्म १८ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्ने ।

५. दरखास्त दस्तुर : रु ७०० रुपैया ।

६. दरखास्त फारम यसै माछापुच्छ्रे गाउँपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

७. आवश्यक कागजातः

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि ।
- फोटो (३ प्रति )।

८. सेवा सुविधाः सहजकर्ताले प्रत्येक किसान (प्रति घरधुरी ) सूचीकरण गरि प्रविस्टि गरेबापत रु ७५ को दरले पारिश्रमिक पाउनेछन् साथै अन्य सुविधाहरु किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि अनुसार ।

दरखास्त दिने स्थानः माछापुच्छ्रे गाँउपालिका कास्की
थप जानकारीका लागि माछापुच्छ्रे गाँउपालिका कृषि शाखा तथा पशु सेवा शाखा
सम्पर्क नं. ९८५६०३४४१३४/९८०६५५५८५८

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत